**नेपालमा मानवीय प्रतिकार्यको समीक्षा**

**समावेशीकरण तथा जवाफदेहीतामा केन्द्रित**

## कार्यकारी सारांश

यो समिक्षात्मक अध्ययन अप्रिल २५, २०१५ तथा मे १२, २०१५ मा नेपालमा आएको भूकम्प पश्चात मानवीय गठबंधन (Humanitarian Coalition) का सदस्य गैर सरकारी संस्थाहरूः केएर क्यानडा (CARE Canada), अक्सफाम क्यानाडा (Oxfam Canada), अक्सफाम -क्युबेक (Oxfam- Québec), प्लान इन्टरनेसनल क्यानाडा (Plan International Canada) तथा सेभ द चिल्ड्रेन क्यानाडा (Save the Children Canada) द्वारा राहत तथा प्रतिकार्य अन्तगर्तका विविध परियोजनामा आधारीत भै गरिएको थियो । यस अध्ययनको को प्रमूख उदेश्य तत्कालीन अवस्थामा संचालित प्रतिकार्यसंग सबन्धित क्रियाकलापका सफलताहरलाइ अत्मसात गर्दै जवाफदेहीता र समावेशिता सम्बन्धि प्राप्त सिकाईहरुलाइ भविष्यमा नेपाल तथा अन्य स्थानहरुमा सञ्चालन गरिने आगामि प्रतिकार्यका चरणहरुमा समायोजन गर्नु रहेको छ ।

प्रतिकार्य जस्ता जटिल सन्दर्भमा सञ्चालित कार्यत्रमका प्रकृयामा जवाफदेहीता र समावेशीकरणसम्वन्धि सवालहरू मूख्य सरोकारवालाहरुको दृष्टिकोणमा केन्दित भै समिक्षा गरिनु अवश्यक हुन्छ । यो समीक्षामा सक्रिय सुनाइ, र वास्तविकतासंगको गहिरो सम्वादमा आधारित गुणात्मक पद्धतिको प्रयोग गरेको थियो। जवाफदेहीता र समावेशीताको विषयमा संकलित मर्म तथा आयामहरुलाई सरोकारवालहरुको भनाइ समावेश भएको प्रत्यक्ष श्रव्य दृश्यको माध्यमबाट प्रस्तुत गरिएको छ । सिकाइ तथा दोहोरो संचारका लागि अनलाईन चित्रण, व्लगिङ्ग, तथा ट्विटरको माध्यममा जोड दिईएको थियो ।

**जवाफदेहीता तथा समावेशीकरणलाई दुई परिपूरक दृष्टिकोणका रूपबाट विश्लेषण गरिएको थियो**

- ✓ **जवाफदेहीता र समावेशीता प्रस्तुत गर्ने खाका वा ढाँचा** यसका आयामहरु स्वतन्त्र भएता पिन एक अर्का संग अन्तर्सम्वन्धित छन् । जवाफदेहीता र समावेशीकरणलाई छुट्याएर हेरिया भने कायर्त्रम सञ्चालाका लागि विविधप्रवेश विन्दू तथा रणनीति पहिचान गर्न मद्दत गर्छ ।
- ✓ **मानवीय सहायताका मूख्य मापदण्डहरूः** जवाफदेहीता र समावेशीकरणले त्यस्ता मापदण्डका गुणस्तर बढाउन वा उपलब्धिहरु हांसिल गर्न कुन हदसम्म सहयाग वा बाधा उत्पन्न गर्छ ? र मापदण्ड प्राप्त गर्ने सन्दर्भका सीमितताले कुन हदसम्म जवाफदेहीता र समावेशीकरणलाई असर गर्छ ?

यो जवाफदेहीता र समावेशीताको अपेक्षित खाका हो, पूर्ण जवाफदेहिता तथा समावेशिता प्राप्तीको आकांक्षा स्थानीय सन्दर्भ र गतिशीलताद्वारा प्रभावीत एक कहिल्यै समाप्त नहुने चुनौती हो । एकातिर प्रकोपले स्थानीय गतिशीलतामा परिवर्तन गर्न सक्छ भने अर्कोतिर जवाफदेहीता र समावेशीकरणकालागि नयां आयाम र विकल्पहरु खोल्न सक्दछ, उदाहरणका लागि समिक्षाको दौरान केही प्रतिकार्य परियोजनामा देखिएका महिला वा युवा को संलग्नता । तथापी, बन्देवस्ती , भौगोलिकता, सरकारी माग जस्ता प्रासंगिक चुनौतीहरूका कारण प्रतिकार्य

परियोजनाका क्रियाकलापहरुमा जवाफदेहीता र समावेशीकरणलाई एकिकृतीकरण गर्न केहि सीमितता वा वाधा हुन सक्दछ । त्यसैले जवाफदेहीता र समावेशीकरणको उपलब्धिका प्रसंगहरुलाई डोरी तान्ने (Tug of war) रुपमा हेरिनु हुनुपर्छ ।

**जवाफदेहीता**

राजनीतिद्वारा प्रभावित वातावरणका कारण प्रतिबद्धता, निर्णयहरु र तत्सम्बन्धि परिक्षणमा कस्कोे संलग्नता थियो भन्ने जांच गर्न, स्थानीय नेतृत्वको परिधि बाहिरका मानिसहरूलाई संलग्न गर्न कठीन भएको अनुभव गरिएको थियो । जवाफदेहीता प्रतिज्ञा र पारदर्शी संचार को स्पष्टतामा निर्भर गर्दछ । अन्तरवार्ता लिईएकाहरुमा तिनीहरूले सहायता मार्फत के प्राप्त हुनेछ भन्नेवारेमा जानकारी गराएका थिए भने तत्सम्बन्धि विस्तुत विवरण जस्तैः सहायता बाँडफाँडको मापदण्डको बारेमा सधैं जानकारी गराउने गरिएको थिएन । स्थानीय रेडियो र आम मिडियाका माध्यमबाट सूचना तथा जानकारीहरु सूचित गरिएको भए पनि यस्ता सबै सूचनाहरु आम उपभोक्ता तथा सरोकारवाला सम्म पूर्णरूपमा पुग्न सकेको देखएन । सूचना तथा जानकारीहरु प्रेषित गर्दा स्थानीय संचारको पारिस्थिति, प्रणाली र मनोबृत्तिको गहिरो विश्लेषण आवश्यक देखिएकोछ । स्थानीय टोल वा गाउं तहमा सहायता सम्बन्धि जानकारी तथा सूचनाहरु पारदर्शी ढंगबाट प्रवाह गर्न गाउँ स्तरमासूचना प्रवाह गर्न स्थलहरु वा सूचना पाटी स्थापना गर्न सकिन्छ । मानवीय गठबन्धन अन्तर्गतका संस्थाहरू संचार र जवाफदेहीता सुधार गर्न परस्पर रुपमा संचालित पहलहरू (जस्तैः सामूदायिक पृष्ठपोषण परियोजना)मा सहभागी हुँदै अएका छन् । यसै पहल अन्तरगत सञ्चालित सामाजिक परिक्षणमा स्थानीय सरकार, मानवीय सहयागमा संलग्न संस्था तथा संगठनहरुको सहभागीता हुँदै अएका देखन्छ, जस्लाई निरन्तरता दिन जरुरी छ ।

**समावेशीकरण**

समावेशीकरणकालागि विविधताको सम्मान, जोखिम परिस्थितिको पहिचान आवश्यक हुन्छ । कुनै पनि प्रतिकार्यका क्रियाकलापहरु लक्षित वर्ग पहिचानका लगि निश्चित अधारहरू वा जांच सूचमिा आधारीत गरिएको हुन्छ उदाहरणकालागि निश्चित वर्ग (महिला, सुत्केरी, अपांगता भएका व्यक्ति) र विविध प्रसंग जस्तै जातजातीका विशेष आवश्यकताहरुलाई सम्बोधन गरिएको छ । तथापी, मानवीय सहयाग गर्नेसंस्थाहरू र तिनीहरूको साझेदार संस्थाहरुले बहिष्करणका थप कारक पहिचान गर्न र विभिन्न सामाजिक विशेषताहरु र यस विच विद्यमान भिन्नताका अन्तरसम्बन्धबाट वहिष्करणमा परेका वर्र्ग को पहिचान गरीकार्य गर्ने अनुभव र क्षमता भएका पाईएका छ यसलाई सहभागीमूलक जोखिम आंकलन मार्फत गरिएको विविधतापूर्ण तत्थ्यांक संग्रहले पनि पुष्टि गरेका छ । समग्र क्षेत्र समेट्ने सरकारी आग्रहका कारण निश्चित वर्गलाई समेट्ने र विविध आवश्यकता पुरा गर्ने अवधारण एक हद सम्म सीमित हुन पुगेको थियो । समता र समानता वीचको तनावका कारण प्रतिकार्य परियोजना प्रभावित भै आई परेको चुनौती सम्वोधन गर्न गाह्रो भएको थियो । संस्थाहरु सम्वेदनशील भए र दृढतापूर्वक समता तर्फ अगाढी वढेका देखिन्छ । केही संस्थाहरु विद्यमान बाधाहरू समाधान गर्न सक्षम भएका

देखिए, उदाहरणका लागि महिलाहरु डकर्मीको तालिममा सहभागी हुन सक्षम भए अर्थात छोरा छारीलाई रिपोर्टीङ्गमा सहभागीहुन अनुमती दियो, जुन पहल विस्तार गरिनु पर्ने देखिन्छ र।

**सहभागीमुलक निर्णय प्रक्रिया**

यस आयामले जवाफदेहीता र समावेशीकरण दुवैलाईअभवृदि गराउंदछ। मानविय सहायताको बारेमा मानिसहरुसंग दिईने सामग्री तथा सेवा र आफ्नो प्राथमिकता बारेमा परामर्श लिने भन्दा जानकारी दिने कार्य भएको देखियो। प्रतिकार्य क्रियाकलापले प्रगति हांसिल गर्दै जाँदा केही संस्थाहरुले निर्णयप्रकृयामा सक्रिय संलग्नताकालागि अझ वृहत अवसरको (जस्तै काम को लागि नगद परियोजनाहरूको पहिचान, सामुदायिक पृष्ठपोषणमा आधारित कार्यक्रम) ढोका खोल्यो। नेपालमा निर्णय प्रकृयामा सहभागीता र परामर्श प्रकृयामा थप सहयोग पु¥याउन संस्थाका अनुभव र पद्धतीहरुलाई अझ वढी प्रयोग गर्न सकिन्छ।

मानवीय सहायताका मूख्य मापदण्ड (**Core Humanitarian Standard**) को दृष्टिकोणबाट जवाफदेहीतालाई हेर्दा, यो समिक्षाले केही क्षेत्रलाई थप अन्वेषण गर्न सुझाएको छ :

- ✓ तत्थ्यांक संगकलनमा लगानी, तत्थ्यांक प्रमाणिकरण मार्फत विविध तत्थ्यांक सेटको पुस्ता तिर ( परिवेशगत विश्लेषणके आधारमा सहभागीमूलक विश्लेषण, तत्थ्यांक संग्रहकालागि नयाँ प्रविधिको विकासका अवश्यकता (मानक १)
- ✓ प्रकोपद्वारा आउने परिवर्तनकालागि अवसरका रूपमा बदल्न प्रतिकार्यको सुरुवातमा नै जवाफदेहीता र समावेशिकरणका सवाललाई सम्बोधन गर्ने। नेपालमा यो कार्य गर्न केही परिवेशमूलक चुनौतीहरु देखिए जस्तैः सबै क्षेत्र तथा सबै प्रभावित परिवार लाई एकै पटक प्रतिकार्य मार्फत सम्बोधन गर्नु पर्ने तर्फको जोड, र नयाँ कर्मचारीहरुलाई सिकाउन लाग्ने समय अदि (मानक २)।
- ✓ क्रियाकलापहरुले जवाफदेहीता र समावेशितालाई नकारात्मक असर पार्न नहुने (मानक ३)।
  - o हानी नगरौं प्रावधान अनुसार (छुटेका समूहरुको सचेतनामा बृद्धि गर्ने)
  - o जोखिम घटाउने र प्रकोपको जोखिम न्यूनिकरणलाई मूल प्रवाहकिरण गर्ने (जोखिमपूर्ण तथा खतरनाक भूभागमा जीविकोपार्जनका गतिविधिहरु रोक्ने)
  - o तथ्य वा प्रमाणहरुको निर्माण गर्दै संरक्षण तथा सुरक्षा गतिविधि सञ्चालन गर्ने(जस्तैः लैङ्गिक हिंसा तथा वाल शोषण जस्ता सवालको अझ प्रणालीबद्ध सम्बोधन)
  - o दिगोपनकालागि उत्प्रेरणा तथा प्रवर्दन (पुनर्निर्माण सहयोगकालागि सम्भावना भएका प्रारम्भिक प्रतिकार्य गतिविधिहरुका पहिचान)।
- ✓ सहायताको अधिकार बारेमा सचेतना सुदृढीकरण गर्ने (विशेष गरि दुर्गम क्षेत्रमा सचेतना र जागरुकता उच्च थिएन), र समानताको अवधारणामा कर्मचारी र सरकारलाई सम्वेदनशील वनाउने। निर्णय प्रकृयामा सहभागिताको स्तरमा सुधार गर्न परम्परामा अधारित सामाजिक सांस्कृतिक बाधाहरु हटाउन आवश्यक

छ । पुनर्निर्माण प्रक्रियाको बारेमा आउने अफवाहहरु सम्बोधन गर्न संचारमा विशेष लगानी आवश्यक छ । (मानक(४)

- ✓ विद्यमान पृष्ठपोषण प्रणालीमा सुदृढिकरण गर्ने । अन्तरवार्ता लिईका थोरै मानिसहरुलाईमात्र पृष्ठपोषण प्रणाली र त्यसको प्रयोगको वारेमा थाहा थियो । परम्परागत हटलाईन र उजुरी बाकस मात्र पर्याप्त छैन । यस्ता प्रणालीहरु समूहगत मुद्धाहरु सम्बोधन गर्न कम प्रभावकारी छ भने प्रत्यक्षरुपमा अन्तरक्रिया गर्न चाहनेहरुकालागि उपयूक्त पनि छैनन् । (मानक(५)
- ✓ सहयोग र सहकार्यलाई निरन्तरता दिने । समाग्री बन्दाबस्ती व्यवस्थापन संग मात्र समन्वय सीमित हुनु हुँदैन, जवाफदेहीता र समावेशीता लाई समेत सहयाग सहकार्य अबश्यक छ । (मानक ६)
- ✓ मूख्यतः फिल्डका कर्मचारीको सिकाईकालागि लगानी गर्ने । अवलोकनको दौरानमा फिल्डका कर्मचारी सिक्न र सुधार गर्न धेरै उत्प्रेरीत छन् । कार्य पश्चातको समीक्षा, सहकर्मी वा जोडा साथी समीक्षा र सिकाई आदानप्रदानलाई प्रोत्साहित गर्नुपर्छ । (मानक ७)
- ✓ कर्मचारीमा लगानी गर्ने कार्य जारी राखौं । प्रकोपको परिणाम पश्चात स्थानीय तहमा सधै विशेषज्ञ उपलब्ध हुदैन, जागिर कै दौरानमा जवाफदेहीता, समावेशिता र सुरक्षा क्षेत्रमा सिकाईका अवसरको विकास अन्तत संगठनको सम्पत्ति हुनेछ (मानक ८)
- ✓ प्रकोप प्रभावितहरु सरेकारवालाहरूलाई प्रतिकार्य क्रियाकलापमा भएको लगानीवारेमा जानकारी गराउदै उनीहरू यसबारेमा जानिफकार भएको सुनिश्चित गरौं (जस्तै बजेट सहकार्य) (मानक ९)

## समिक्षाका ८ सिफारिसहरू

1. **यदि सिकाइहरूलाई अवलम्वन गरिएन वा राम्ररी सुनिएन भने यसलाई दोहोर्याउनु पर्याप्त हुनेछैन ।** जवाफदेही तथा समावेशीकरणको लागि आकांक्षा राखिता पनि यसको तयारीमा लगानी र बलियो आन्तरिक पैरवी तथा सञ्चारको आवश्यक पर्छ ।
2. **लिङ्ग, उमेर, क्षमता, आय जस्ता विषयहरु गुण वा विशेषताहरू हुन, न की कमजोरी ।** कमजोरीहरूलाई बहु अयामिक सूचिहरू प्रयोग गरेर निर्धारण गर्दा राम्रो हुन्छ । निन्दा गरिने कार्यबाट बच्नुपर्ने हुन्छ ।
3. **शर्टकट (गुणस्तरबारे बिचार नगरी छिट्टै काम सक्ने प्रवृति) हरूबाट सावधान रहनुपर्छ ।** श्रम सहभागिता होइन । लक्षित गर्नु समावेशीकरण होइन । पृष्ठपोषण जवाफदेहीता होइन ।
4. **सञ्चार समावेशीता तथा जवाफदेहीताको केन्द्रमा हुनु पर्छ** । सञ्चारका नयाँ माध्यमहरूमा थप लगानी गर्नु र स्थानीय सञ्चारका प्रणालीहरूमा ज्ञान बढाउनु आवश्यक देखन्छ ।
5. तथ्याङ्कको शक्तिको अधिकतम् प्रयेग तथ्याङ्कको गुणस्तर बृद्धि गर्न तत्थ्यांकमा राम्रो विविधीकरण तथा खुल्ला तत्थ्यांकमा लगानी आवश्यक देखिन्छ ।
6. **द्वन्द्व संवेदनशीलताः** कोठामा हात्ती । याद गरौं नेपालमा तनावहरू विद्यमान रहेको र त्यस्लाई खुला रूपमा समाधानका लागि पर्याप्त कदम चलाइएको छैन । द्वन्द्व संवेदनशीलतालाई अझ बढी सुदृढ़ बनाउनुपर्छ ।

7 **हालसम्मका उपलब्धिहरूका अधारमा पूर्व तैयारीले अर्थ राख्छः** । संस्थाहरूले जवाफदेही तथा समावेशीकरण जस्तै सरकारसँगका सम्बन्धमा आफ्नो उपलब्धिहरूलाई आदानप्रदान गर्नुपर्ने देखिएका छ । स्थानीय गतिशीलताकालागि प्रवाह/सर्ज टोलीहरूलाई सचेतीकरणाको महत्व माथि प्रकाश पारिएको थियो ।

8 **सँगै काम गरेर फरक नतिजा दिन सकिन्छ** । संस्थाहरू बीचका सहकार्यका थुप्रै अवसरहरूलाई अझै सम्म पनि प्रयोग गर्न सकिएको छैन । उदाहरणको लागि, समान विचारधारा भएका संस्थाहरूको मञ्चले जवाफदेही तथा पैरवीका विषयहरूलाई सयुंक्तरूपमा प्रबर्द्धन गर्ने कार्यमा भूमिका हुन सक्थ्यो ।